# साँगुरीगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भेडेटार, धनकुटा

प.सं. २०७७/०७८
च.नं.: १४१६

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal
मिति २०७८/०२/२७

विषय: आ.व. २०७८/७९ को लागि बजेट सिलिङ्ग तथा मार्गदर्शन पठाइएको ।

श्री साँगुरीगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
(सवै शाखाहरु/दशवटै वडा कार्यालयहरु) धनकुटा ।

यस साँगुरीगढी गाउँपालिका, स्थानीय स्रोत अनुमान तथा सीमा निर्धारण समिति भेडेटारको मिति २०७८/०२/२६ गते बसेको बैठकले आगामी आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रम तर्जूमाका लागि निर्धारण गरेको विषयत बजेटको सीमा तथा मार्गदर्शन यसैसाथ संलग्न राखी पठाइएको ब्यहोरा अनुरोध छ ।

(जयराम श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

# साँगुरीगढी गाउँपालिकाबाट आ.व. २०७८/०७९ को वार्षिक योजना तर्जूमा कार्यका लागि विषयगत शाखा तथा वडा कार्यालयहरुलाई उपलब्ध गराईको मार्गदर्शन ।

नेपाल सरकारले **सम्मृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय दूरदृष्टि लिएको छ । १ नं. प्रदेश सरकारले **स्वच्छ सुखी र सम्मुन्नत प्रदेश**को कल्पना गरेको छ । संघीय सरकार र प्रदेश सरकार देखेको सपनालाई गन्तब्यमा पुऱ्याउन सहयोग गर्नु स्थानीय सरकारको दायित्व हो । साँगुरीगढी गाउँपालिकाले पनि **"पर्यटन, कृषि र पूर्वाधारको विकास, साँगुरीगढी सम्बृद्धिको आधार"** विकासको गन्तब्य निर्धारण गरी अग्रसर भइरहेको छ । गाउँपालिकाले देखेको विकासको अभिष्ट पुरा गर्न नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, गाउँपालिकाले जनता समक्ष गरेको प्रतिबद्धता, स्थानीय आर्थिक, सामाजिक, सास्कृतिक अवस्था, विकासको विश्वब्यापी सन्धी सम्झौता, दीगो विकासको लक्ष्य, नेपाल सरकारले गरेको प्रतिबद्धतालाई समेत ध्यानमा राखेर वडास्तरीय योजना तथा कार्यक्रम तयार गर्नु पर्ने अवस्था रहेको छ । विषयगत शाखा तथा वडा कार्यालयहरुले आ.व. २०७८/०७९ को बजेट तथा योजना तर्जूमा गर्दा देहायको मार्गदर्शनलाई आधार मान्नु पर्नेछ ।

## क. समष्टिगत मार्गदर्शनः

१. पन्ध्रौं संघीय आवधिक योजना तथा चालु प्रदेश नं. १ को आवधिक योजनाहरुले निर्धारण गरेको लक्ष्य, उद्देश्य र रणनीतिहरुको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्ने गरी योजना छनौट गर्ने ।

२. दीगो विकासका लक्ष्य (SDGs) नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ ले लिएको लक्ष्य हाँसिल गर्न सहयोग पुग्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने ।

३. विश्वभर महामारीको रुपमा फैलिरहेको कोभिड- १९ दोस्रो लहरका कारण धनजन गुमाएका र कोभिड पछिको प्रभावबाट मुक्त हुन रोजगारी सृजनालाई सहयोग पुग्ने योजनाहरु छनौट गर्ने ।

४. स्थानीय स्रोत साधनको अधिकतम परिचालन हुने योजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।

५. वडास्तरीय योजना तर्जूमा प्रक्रियालाई बढी सहभागितामूलक र नतिजामूलक बनाउने वडास्तरीय योजना छनौट प्रक्रियामा स्थानीय राजनैतिक पार्टीहरु बुद्धिजिबी, वडास्तरीय संघसंस्थाहरुलाई सहभागितामा योजना छनौट गर्ने ।

६. स्थानीय सर्वसाधारणलाई तत्काल फाईदा पुग्ने, रोजगार प्रवर्द्धन हुने र आयमूलक योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

७. कृषि उत्पादन र पशु विकासमा सघाउ पुग्ने कार्यक्रम तथा स्थानीय साधन, सीप र क्षमताको परिचालनवाट सञ्चालन हुन सक्ने कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

८. स्थानीय लक्षित वर्गका लागि आयमूलक, सीपमूलक र लोपोन्मुख सँस्कृति जगेर्ना तथा वालमैत्री स्थानीय शासन प्रवर्धनमा सहयोग पुऱ्याउने कार्यक्रम तथा योजना छनौटलाई प्राथमिकता दिने ।

९. स्थानीय वातावरण संरक्षण तथा विपद ब्यवस्थापनमा सघाउ पुऱ्याउन वातावरण मैत्री स्थानीय शासन प्रवर्धनमा सहयोग पुऱ्याउने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

१०. स्थानीय योजना तथा कार्यक्रम संचालन गर्दा चालु आ.व. वडास्तर र गाउँपालिकास्तरबाट संचालन हुने योजना र योजना बैंकमा समावेश हुने योजना तथा कार्यक्रमहरु छुट्टै प्रस्ताव गर्नु पर्ने ।

११. आगामी आ.व.२०७८/०७९ को लागि गाउँपालिकाबाट वडाहरुलाई उपलब्ध सिलिङ्गबाट भौतिक पूर्वाधारको मात्र योजनाहरु प्रस्ताव गर्ने ।

**ख. आयोजनाको तर्जूमा एवं छनौट :**

१२. स्थानीय आयोजना तथा कार्यक्रम छनौट गर्दा आयोजनाको सर्वेक्षण, ड्रोइङ, डिजाईन तथा लागत इष्टिमेट लगायतका प्रक्रिया पुरा भएका आयोजनाहरुलाई समावेश गर्ने ।

१३. उत्पादनशील रोजगारी वृद्धि, गरिबी न्यूनीकरण, वातावरण संरक्षण, विपद् तथा जलवायु जोखिम न्यूनीकरण, समावेशी विकासमा सहयोग पुऱ्याउने, छोटो समयमा सम्पन्न भइ बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा जनसहभागिता जुटाउने सकिने आयोजनालाई छनौट गर्ने ।

१४. निर्माण कार्य सम्पन्न भएका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर संचालन गर्नका लागि सहयोग पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

१५. चालु खर्च सकेसम्म नियन्त्रण गर्दै राजनैतिक प्रकृतिका आयोजनाहरुलाई बजेट तथा कार्यक्रममा समावेश नगर्ने ।

१६. स्थानीय स्तरबाट माग गर्ने योजनाहरुलाई वडास्तर, गाउँपालिका स्तर प्रदेशस्तर र संघीय सरकारस्तर गरी छुट्टाछुट्टै माग गर्नुपर्ने ।

१७. क्रमागत आयोजना तथा कार्यक्रमहरु, भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न हुने कार्यक्रममा समावेश गर्ने ।

१८. योजना तथा कार्यक्रम तयार गर्दा स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन, २०७५ ले निर्धारण गरेको क्षेत्रहरुलाई सम्बोधन गर्ने गरी बजेट प्रस्ताव गर्ने ।

**ग. आयोजनाको कार्यान्वयन सम्बन्धमा**

१९. वडास्तस्तमा स्रोतलाई न्यायोचित रुपमा वितरण गर्ने विकास कार्यक्रमलाई दोहोरिन नदिने व्यवस्था गरी कार्यक्रम तथा स्रोतको व्यवस्थापन गर्ने ।

२०. आयोजना तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्यांकन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउन बार्षिक कार्यतालिका वनाई लागू गर्ने ।

२१. योजना तथा कार्यक्रम संचालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति आयोजना स्थल, उपभोक्ताको क्षमता, गाउँपालिकाले अवलम्बन गरेको नीतिको अधिनमा रही नगद, श्रम वा स्थानीय सामग्री समेतको योगदानको अनुपात निर्धारण गर्ने ।

२२. जनसहभागिताको अंश निर्धारण अतिविपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिने उदेश्य राखी लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई बंचित नगर्ने ।

२३. वडास्तरबाट संचालन गरिने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का आयोजना छनौट गर्नु पूर्व अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गर्नु पर्ने र योजना संचालन भइ श्रममूलक तथा वातावरणमैत्री विधि अपनाउने तर श्रम जुट्न नसक्ने वा जनश्रमदानबाट संचालन हुन नसक्ने आयोजनामा मेशीनरी प्रयोग गर्नुपर्दा लागत अनुमान पनि सोही बमोजिमको बनाई काम गर्ने ।

**घ. अनुगमन मूल्यांकन सम्बन्धमा**

२४. योजना कार्यान्वयन गर्दा योजनाको प्रभाव, असर तथा प्रतिफललाई अधार मानेर स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने ।

२५. अनुगमन मूल्यांकन नतिजा खाका तयार गरी योजना कार्यान्वयको प्रत्येक चरणमा उक्त खाकालाई अनुसरण गरी कार्यान्वय सफल बनाउने गरी कार्यक्रम तर्जूमा गर्ने ।

२६. योजना कार्यान्वयनको सवै चरणमा नियमित अनुगमन, आकस्मिक अनुगमन, तेस्रो पक्षको अनुमगन मूल्याङ्कनको व्यवस्था मिलाउनु पर्ने ।

## ङ. अन्तर सम्बन्धित विषय

२७. रोजगारी सृजना, गिरबी न्यूनीकरण, विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, सुशासन, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूवार्धारको विकास र स्थानीय शासन, आर्थिक अवसरमा बृद्धि एवं त्यसमा जनताको सहज पहुँच, सामाजिक सुरक्षा, अपांगमैत्री बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, समावेशीकरण र सशक्तीकरण जस्ता विषयलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम तर्जूमा गर्ने ।

२८. विकास कार्यक्रममा विभिन्न किसिमका विपदबाट हुन सक्ने क्षति कम गर्ने उपाय अवलम्बन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने व्यवस्था सिर्जना गर्न नहुने ।

## च. विषयग शाखा र वडालाई प्राप्त बजेटको सीमा:

१. आर्थिक विकास तर्फ रु १०००००००/- एक करोड
२. सामाजिक विकास तर्फ रु ११००४४००/- एक करोड दशलाख चार हजार चारसय
३. पूर्वाधार विकास तर्फ रु १०००००००/- एक करोड
४. वातावरण तथा विपद तर्फ रु ५००००००/- पचासलाख
५. सुशासन तथा संस्थागत तर्फ रु ३००००००/- तीसलाख
६. दशवटा वडा कार्यालयहरु तर्फ रु १५००००००/- एककरोड पचासलाख
७. फुसको छानोमुक्त अभियान तर्फ रु १०००००००/- एक करोड
८. कोभिड कोष तर्फ रु २०००००००/- एक करोड
९. समपूरक कोष रु ४५००००००/- चार करोड पचास लाख
१०. चालु खर्च रु ७१२७९०००/- सात करोड बाह्रलाख उनासीहजार

## छ. योजना तर्जूमा तालिका

| | | | |
|---|---|---|---|
| १. | गाउसभा तयारीका लागि कार्यपालिकाको बैठक | : | २०७८/०२/२१ |
| २. | नीति तथा कार्यक्रम स्वीकृतिका लागि कार्यपालिका बैठक | : | २०७८/०२/२३ |
| ३. | गाउँसभा (नीति तथा कार्यक्रम पेश हुने) | : | २०७८/०२/२३ |
| ४. | राजस्व परामर्श समितिको बैठक | : | २०७८/०२/२४ |
| ५. | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण मितिको बैठक | : | २०७८/०२/२६ विहान |
| ६. | गाउँ कार्यपालिकाको बैठक | : | २०७८/०२/२६ दिउँसो |
| ७. | टोलवस्ती स्तरीय भेला सम्म | : | २०७८/०२/२७-३१ |
| ८. | वडास्तरीय बैठक तथा योजना प्राथमिकीकरण | : | २०७८/०३/०१ |
| ९. | वडास्तरीय बैठकको निर्णय तथा योजनाहरु पेश गर्ने | : | २०७८/०३/०२ |
| १०. | विषयगत समितिको बैठकहरु सम्म | : | २०७८/०३/०३-५ |
| ११. | एकीकृत बजेट तथा कार्यक्रम तर्जूमा समितिको बैठक | : | २०७८/०३/०६ |
| १२. | कार्यपालिकाको बैठक | : | २०७८/०३/०९ |
| १३. | गाउँसभा | : | २०७८/०३/१० |
| १४. | गाउँसभा समापन | : | २०७८/०३/१३ |